# स्वामीकार्तिक खापर गाउँपालिकाका अध्यक्ष श्री चिरन्जीवी शाही द्वारा प्रस्तुत आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम

**स्वामीकार्तिक खापर गाउँपालिका**

सुइजिउला वाई, बाजुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

**मिति २०७८ असार १० गते**

**यस सम्मानित गाँउसभाका अध्यक्ष महोदय,**
**सदस्य ज्यूहरु तथा अन्य उपस्थित सम्पूर्ण अथिति महानुभावहरु**

आज यस स्वामीकार्तिक खापर गाउँपालिकाको गरिमामय ८ औं गाउँसभामा उपस्थित भएका छौं । गाउँपालिकाको यस विशेष अवसरमा यहाँहरु सम्पूर्ण सदस्य ज्यू लगायत उपस्थित महानुभावलाई हार्दिक स्वागत गर्दछु । गाउँसभाको आठौं गाउँसभामा उपस्थित हुँदै गर्दा यस अवसरमा यो व्यवस्थाका लागि मुलुकमा भएका विभिन्न राजनैतिक परिर्वतनका आन्दोलनमा सहादत प्राप्त गर्नु हुने सम्पूर्ण अमर सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै नेपालको विभिन्न राजनैतिक परिर्वतनका आन्दोलनमा अग्रणी भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण नेताज्यूहरु प्रति सम्मान व्यक्त गर्न चाहन्छु । साथै यस स्वामीकार्तिक खापर गाउँपालिकाको समग्र विकासमा आफ्नो अमूल्य योगदान पुऱ्याउनु हुने सम्पूर्ण आदरणीय अग्रजलाई यस गरिमामय सभाबाट स्मरण गर्न चाहन्छु ।

प्राकृतिक प्रकोप र कोरोना महामारीबाट संक्रमित भई स्वदेश तथा विदेशमा ज्यान गुमाउनु हुने सम्पूर्ण दिवंगत नेपाली नागरिकहरु प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै यस रोगबाट संक्रमित सम्पूर्ण नागरिकको यथाशिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यसले विश्व समुदाय, हाम्रो देशका साथै यस गाउँपालिकामा समेत पारेको मानवीय र आर्थिक प्रभाव प्रति दुःख व्यक्त गर्दछु ।

कोरोना महामारीको उच्च जोखिमको परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा प्रवाह गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, एम्बुलेन्स चालक, नागरिक समाज, पत्रकार, व्यवसायी, संघसंस्था लगायत सम्पुर्ण राजनैतिक दल, जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारी, विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाका सम्पूर्ण मित्रहरुको म उच्च प्रशंसा गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

**अध्यक्ष महोदय,**

बाजुरा जिल्लाको बिकट तर सुन्दर एवं सम्भावना बोकेको स्वामीकार्तिक खापर गाउँपालिकाको पश्चिमी क्षेत्रमा कैलाश मानसरोवर हुदै समुन्द्री सतह देखि १ हजार मिटर भन्दा तल भएर बग्ने नेपालकै लामो सुन्दर कर्णाली नदी र उत्तरपूर्वमा ५ हजार मिटर सम्मको उचाइमा चुलिएको पहाड भित्रको विविधताले यस गाउँपालिकाको सुन्दर भविश्यलाई बोकेको छ । ११०.५० वर्ग कि.मी. क्षेत्रफल भित्र वेशीमा उष्ण मौसमी हावापानी हुदै हिमालमा चिसो हावापानी बिचको दुरीलाई जति घटाउन सक्यौं त्यसले हाम्रो सम्पन्नतालाई उजागार गर्ने छ । विगत लामो समय देखि पछाडी परेको र मानवीय विकासको सूचकमा समेत देशकै पुच्छारमा रहेको स्थानीय तहको रुपमा परिचित हाम्रो गाउँपालिकाको परिचयमा सम्भावना र अवसरहरु थप्नका लागि हामी यस सभामा उपस्थित भै रहेका छौं ।

**अध्यक्ष महोदय,**

आर्थिक वर्षको सुरुवातबाट नै अविरल वर्षाका कारणले व्यक्तिगत सम्पत्ति लगायत सार्वजनिक सम्पत्तिहरु नष्ट भएका छन । प्राकृतिक प्रकोपबाट विभिन्न स्थानमा क्षति पुगि विभिन्न गाउँका बासिन्दाहरु वस्ती जोखिमका कारण घरवार छोडेर अन्यत्र आश्रीत हुनु परेको छ । यस्तो अवस्थाबाट माथि उठ्नका लागि **हाम्रो आर्थिक बर्ष, प्राकृतिक प्रकोप विरुद्ध संर्घष,** भन्ने मूल मान्यतालाई आत्मसाथ गर्दै कोरोना महामारी र विपद्ले निम्त्याएको जोखिमका कारण समयमा सम्पन्न गर्न नसकिएका अधुरा योजनालाई समयमा नै सम्पन्न गर्न र विपदले पारेको क्षतीबाट नागरिकलाई व्यवस्थापन गर्न तिर आगामी आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम केन्द्रित रहने छ ।

**अध्यक्ष महोदय,**

म अब आगामी आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम यस सम्मानित गाउँसभामा प्रस्तुत गर्न गईरहेको छु ।

**यस गाउँपालिकाले अघि सारेको "६ 'ज' को आधार, गाउँपालिका समृद्धिको उपहार"** भन्ने मूल मन्त्रलाई आगामी आर्थिक बर्षमा समेत अंगीकार गर्दै जल, जंगल, जमिन, जडिबुटी, जनावर र जनशक्तिलाई गाउँपालिकाको समृद्धिका लागि उपयोग र व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिइएको छ ।

अध्यक्ष महोदय,

१. पहिलो गाउँ सभाले लिएका उदेश्य अनुरुप ५ वटै वडाहरुमा सडक संञ्जालले जोड्ने नीति अनुरुप यहि वर्षको अषाढ मसान्त सम्म बाँकी रहेको वडाका केन्द्र सम्म सडक पुग्नेछ भने अवको प्राथमिकतामा सडकले नजोडिएका पाँचै वडाका महत्वपुर्ण सबै वस्तीमा सडक सञ्जालले जोडिने छ ।
२. कार्य सम्पन्न भएका सडकमा सहज ढंगले यातायातका साधान सञ्चालन गर्न स्तरोन्नती गरिनेछ ।
३. विभिन्न कारणले अहिले सम्म सम्पन्न हुन नसकेको कर्णालीमा निर्माणाधिन फेरीलाई यसै श्रावणको पहिलो हप्ता भित्र सम्पन्न गरिने लक्ष्य लिएका छौं ।
४. भूगोलले यहाँ रहेका वडा नं. १ र वडा न.. २ का वस्तीका वासिन्दालाई सहज ढंगले आवात जावत गर्नका लागि कर्णाली नदीमा बेलिव्रिज निर्माणका लागि गाउँपालिकाको पहलमा रकम विनियोजन भएकाले त्यसलाई समय मै बोलपत्र आह्वान गरि यसै वर्ष भित्र निर्माण कार्य सम्पन्न गरिनेछ ।
५. गाउँपालिकाको प्राथमिकतामा रहेको वाईको लिफ्ट सिँचाई विविध कारणले प्रदेश सरकारले बोलपत्र आवह्रन गर्न नसकेता पनि यसवर्ष भित्र सम्पुर्ण कार्य सम्पन्न गर्नका लागि गाउँपालिकाले आवश्यक पहल गर्ने छ ।
६. ढिकुरी लघुजलविद्युत आयोजनालाई यसै महिनाको अन्तिम सम्म सम्पन्न गरी विद्युत विस्तार गरिनेछ ।
७. यस गाउँपालिकाको वडा नं ५ जेरामा रहेको खाली खोला लघु जलविद्युत आयोजनाको कार्यमा धेरै प्रगति भएता पनि अझै सम्म विद्युत आपूर्ति हुन नसकेकोले यथास्रिघ आवश्यक सहयोग गरी काम सम्पन्न गरिनेछ ।
८. गाउँपालिकाको प्रशाासनिक भवन र १० सैयाको अस्पतालको ठेक्का सम्झौता भइसकेकोले समय भित्र नै उक्त योजनाको काम सम्पन्न गरिनेछ ।
९. निर्माणाधिन अन्य सार्वजनिक भवनको निर्माण कार्यलाई यथास्रिघ सम्पन्न गरी प्रयोगमा ल्याइनेछ ।
१०. गाउँपालिकामा स्थापना भएको स्याउ प्रशोधन केन्द्रलाई आवश्यक सामाग्रीको व्यवस्थापन गरी यसै आर्थिक वर्ष भित्र संचालनमा ल्याइनेछ ।
११. गाउँपालिकामा स्थापना भएको ह्याचरी उद्योगलाई आवश्यक पर्ने सामाग्रीको व्यवस्थापन गरी यसै वर्ष भित्र संचालन गरिनेछ ।
१२. कोरोना महामारीबाट सबै भन्दा बढी थला परेको शिक्षा क्षेत्रलाई माथि उठाउनका लागि शिक्षा क्षेत्रमा व्यापक सुधारको नीति अवलम्बन गरिनेछ । पूर्वाधारको विकास, जनशक्तिको विकास र निर्माणाधिन विद्यालयका भवनलाई समयमा नै निर्माण कार्य सम्पन्न गरिनेछ ।

१३. ईसिडि संचालन भएका विद्यालयमा आवश्यकता अनुसार अन्य विद्यालय र छुटेका वस्तीहरुमा ईसिडि सेवा विस्तार गरिनेछ ।

१४. वर्षादको समयमा आवत जावत गर्न समस्यामा परेका वस्तीका खोलामा निमार्ण भै रहेका झोलुङ्गे पुलका योजनालाई समय भित्र सम्पन्न गराई छुटेका अन्य ठाउँहरुमा झोलुङ्गे पुल र साघु निमार्ण कार्यलाई अगाडी बढाइनेछ ।

१५. विद्युत सेवाबाट बन्चित भएका वस्तीलाई विद्युत सेवा विस्तार यसै वर्ष भित्र गरिनेछ । छरिएर रहेका र अस्थायी वस्तीहरुमा सोलार प्रविधिको विस्तार गरिनेछ ।

१६. गाउँपालिकाका पाँचै वडा भित्र सञ्चालन भइरहेका योजनालाई समय भित्र सम्पन्न गरिनेछ साथै खानेपानीबाट बन्चित रहेका वस्तीका समुदायमा खानेपानी योजना विस्तार गरिनेछ । हाल संचालनमा रहेका ठुला योजनालाई आवश्यकताको आधारमा **एक घर एक धारा** लागु गरिनेछ । पुराना मुल धाराहरुको मर्मत सम्हार गरिनेछ ।

१७. गाउँपालिका भित्र रहेका सिंचाई कुलोको स्तर उन्नती गरिनेछ र जोखिममा रहेका कुलोलाई पक्की नहरमा परिणत गरिनेछ । उत्पादनशिल भूमिमा नयाँ सिँचाई कुलो निर्माण गरिनेछ ।

१८. सामुहिक र व्यक्तिगत ढंगले संचालन गरिएका कृषि व्यवसायलाई उत्पादन वृद्धी गर्नका लागि साना सिँचाई र पानी टंकीको सहयोग गरिनेछ ।

१९. गाउँपालिकाको उपयोग विहिन भूमिको उचित उपयोग र व्यवस्थापनका लागि भूमि बैंक स्थापना गरि संचालनमा ल्याईनेछ ।

२०. विपन्न अवस्थामा रहेका व्यक्ति र समुदायलाई आय आर्जन र व्यवसायी बनाउने उदेश्य अनुरुप व्यवसायीक कृषि कार्यक्रम लागु गरिनेछ ।

२१. कृषिमा आवद्ध भएका व्यवसायिहरुको विभिन्न जोखिमबाट बच्नका लागि कृषि विमा र पशुपंक्षि विमाको व्यवस्था मिलाईनेछ ।

२२. युवा र विपन्न व्यक्तिहरुलाई पशु व्यवसायमा आर्कषण बढाउनका लागि पशु फर्म स्थापनाका लागि आवश्यक सहयोग गरिनेछ ।

२३. गाउँपालिका भित्रका पशु व्यवसायीलाई उन्नत जातका राँगा, बोका, साँडेको खरिदका लागि सहयोग गरिनेछ ।

२४. गाउँपालिकामा कृषि संकलन केन्द्र स्थापना गरिनेछ ।

२५. गाउँपालिकामाा उत्पादन भएका तरकारी तथा फलफुल खरिद, व्यवस्थापन र बजारीकरणको कार्य यथास्रिघ अगाडी बढाउने नीति लिईनेछ ।

२६. सडक भन्दा टाढा रहेका वस्तीका लागि पूराना वाटा घाटाको स्तर वृद्धि गरिनेछ ।

२७. धार्मिक पर्यटन व्यवसायको सम्भावना अध्ययन गरिनेछ । पुराना धार्मिक क्षेत्रहरुको पुनः निर्माण र मर्मत सम्भार गारिनेछ ।

२८. पुराना पोखरी, ताल, मुहानको संरक्षण गरि प्रयोगमा ल्याइनेछ ।

२९. वन वातावरणको संरक्षण गरिनेछ । उपयुक्त खाली जमिनमा वृक्षारोपण गरिनेछ । अनाआवश्यक वन जंगल फडानी कार्यलाई पूर्ण रुपमा निषेध गरिनेछ । र वन जंगलमा रहेका ढले पडेका काठहरुको उपयोग गरिनेछ ।

३०. विपद्मा परेका, अति विपन्न, ठूला रोगबाट ग्रसित व्यक्तिलाई उपचारका लागि आर्थिक सहयोग गरिने छ ।

३१. अपाङग, टुहुरा, विपन्न, दलित, जेष्ठ महिलाका लागि उचित राहतको व्यवस्थापन गरिने छ ।

३२. परमपरागत पेशा, धार्मिक, सांस्कृतिक, कार्यमा संलग्न पेशागत समूहको पेशा संरक्षणको उचित व्यवस्थापन गरिने छ ।

३३. जेष्ठ नागरिक संग विरही कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३४. युवा उद्यमीहरुलाई कृषि, पशु पालनमा आवद्ध गरीने छ जसका लागि गाउँपालिकाले आवश्यक सहयोग गर्नेछ ।

३५. युवालाई खेलकुद क्षेत्रमा आर्कषित गर्न अध्यक्षकप खेलकुद प्रतियोगिता गरिनेछ ।

३६. गाउँपालिकामा स्थानीय खेलकुद समिति स्थापना गरी खेलकुद क्षेत्रका गतिविधि सोहि समिति मार्फत गर्न आवश्यक सहयोग गरिने छ ।

३७. गाउँपालिका भित्र शान्ति सुरक्षा कायम गर्नका लागि आवश्यक पहल कदमी लिइने र सहयोग गरिने छ । सार्वजनिक सम्पतीको विनास लगायत अन्य गैर कानुनी ढंगले कार्य गर्न खोज्ने समूहलाई कानुनी दायरामा ल्याइने छ ।

३८. विकास निमार्णका कार्यलाई भाद्र महिनाको पहिलो हप्ता भित्र सञ्चालनमा ल्याइने छ । समय भित्र उपभोक्ता समिति गठन र सम्झौताको एक हप्ता भित्र काम सञ्चालन नगर्ने योजनालाई रद्ध गरिने छ ।

३९. समयमै काम नगर्ने, गुणस्तरीय काम नगर्ने ठेकादारलाई कानुनी कारवाहिको दायरामा ल्याइने छ ।

४०. वित्तीय संस्था र सहकारी संग समन्वय गरिने छ । साथै उत्पादनका क्षेत्रमा लगानीका लागि सहकार्य गरिने छ । नियम विपरितका कार्य गर्ने संघ संस्थालाई कानुनी कारवाहिको दायरामा ल्याइने छ ।

४१. विभिन्न योजनाका मर्मत संम्भार कोषको रकममा पारदर्शीता ल्याइने छ र साना खालका मर्मत सम्भारलाई सम्वन्धीत समितिले नै कार्य गर्नेछ ।

४२. ढुङगा, गिट्टी, बालुवाको उचित प्रयोगलाई प्राथमिकता दिइने छ । र त्यसलाई गाउँपालिकाले आम्दानीको स्रोतका रुपमा उपयोग गर्ने निती लिइने छ ।

४३. गाउँपालिका भित्र जुवा, तास, मदिरा सेवन गर्नेलाई पूर्णरुपमा प्रतिवन्धीत गरिने छ ।

४४. गाउँपालिकाका हरेक सेवा प्रणालीलाई समुचित स्तरउन्नती गरिने छ । सेवाग्राहीले समयमै सेवा पाउनु पर्ने मौलिक अधिकारलाई गाउँपालिकाले पूर्ण रुपमा लागु गर्नेछ । सबै खालका ढिला सूस्ती, अनियमितता, भ्रष्ट्राचारको अन्त्य गरिने छ । नियम विपरीतका कार्य गर्ने र गराउने दुबैलाई कानुनको दायरामा ल्याइने छ ।

४५. गाउँपालिकाका प्रत्येक वडाका जनतालाई प्रदान गरिने सेवा र निमार्णका कार्यमा समुचित अनुगमन प्रणाली लागु गरिने छ । त्यसका लागि आम नागरिक, राजनैतिक दल र सम्बन्धीत निकायलाई प्रयोगमा ल्याइने छ ।

४६. जडिबुटीको संरक्षण गर्नका लागि जडिबुटी व्यवसाय गर्ने कृषकलाई आवश्यता अनुसार सहयोग गरिने छ ।

४७. प्राकृतिक जोखिमबाट बच्नका लागि आवश्यक पूर्व तयारी गरिने छ । जोखिमयुक्त वस्तीलाई सुरक्षित ठाउँमा स्थानान्तरण गरिने छ । जसका लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्थापनका लागि सम्वन्धित निकायमा आवश्यक पहल गरिने छ ।

४८. युवा उद्यमीलाई प्रोत्साहन गर्ने उद्देश्यले साझेदारीमा पशुपंक्षि फर्महरु स्थापना गरिने छ ।

४९. कृषकको आर्थिक स्तर वृद्धि गर्ने उद्देश्यले गाउँपालिकाका ५ वटै वडामा स्याउ लगायत विभिन्न फलफूलका विरुवा वितरण गरिने छ ।

५०. समुदायको पोषण तथा जीविकोपार्जनको अवस्था सुधार ल्याउनको लागि गाउँपालिका भित्रका हरेक घरधुरीमा घरबारी स्थापना गर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने छ ।

५१. रैथाने बालि प्रर्वद्धनका लागि आवश्यक निती लिइने छ ।
५२. निजी र सार्वजनिक तथा बाँझो जमिनलाई उपयोग गर्ने नीति अनुरुप सरकारी, निजी र सहकारी क्षेत्रको साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।
५३. कृषकले उत्पादन गरेको कृषि जन्य उत्पादनलाई बजारीकरण गर्नका लागि गाउँपालिकाले आवश्यक सहयोगको निती लिनेछ । साथै कृषि उपजहरुको मूल्य निर्धारण गरिने छ ।
५४. युवा बेरोजगारीलाई व्यवसायिक बनाउने उद्देश्य अनुरुप कृषि तथा पशुपंक्षि व्यवसाय गर्ने युवा उद्यमीहरुलाई पूर्वाधार तथा कृषि सामग्री, प्राविधिक सहायता, पशु उपचार व्यवस्था र विउविजनमा आवश्यक सहयोग गरिने नीती लिइने छ ।
५५. गाउँपालिकालाई अर्गानिक गाउँपालिका बनाउने उदेश्य अनुरुप जैविक मल उत्पादन र शत्रु जीव व्यवस्थापनका लागि आवश्यक नीती लिइने छ ।
५६. गाँउपालिका भित्र पशु स्वास्थ्य शिविर, पशु स्वास्थ्य उपचार, गोठे मलसुधार र भकारो सुधार कार्यक्रमलाई संचालन गरिनेछ ।
५७. भेडा फार्म संचालन भइरहेकोले सो कार्यक्रमलाई आगामी आ.व.मा पनि निरन्तरता दिईनेछ ।
५८. यस क्षेत्रको खडेरी र खाद्यसंकटलाई मध्यनजर गर्दै सिंचाईका आयोजनाहरुलाई प्राथमिकता दिई लागु गरिनेछ ।
५९. फलफुल खेती प्रवर्द्धन तथा कृषकलाई व्यवसायिक बनाउनका लागि गाउँपालिकाका पाँचै वडाको उपयुक्त जमिनमा फलफूल खेती विस्तार गरिने छ ।
६०. कृषकको उत्पादनलाई आधार मानि पटेक क्षेत्र विस्तार गरिनेछ ।
६१. कृतिम गर्वाधान तथा नस्ल सुधारका क्रियाकलापलाई संचालन गरिने छन् ।
६२. शिक्षा क्षेत्रको गुणात्मक विकासका लागि आवश्यक शैक्षिक सामग्रीको परिपूर्ति गर्ने नीति लिई शिक्षालाई जीवनोपयोगी र गुणस्तरीयतामा विशेष जोड दिइने नितीलाई निरन्तरता दिइनेछ ।
६३. शिक्षण संस्थाहरुलाई सूचना तथा संञ्चार प्रविधिको प्रयोग तर्फ प्रोत्साहन गर्न कम्प्युटर, प्रोजेक्टर, स्मार्टबोर्ड जस्ता आधुनिक शैक्षिक सामग्रीको प्रयोगमा जोड दिदै अन्य आन्तरिक भौतिक स्रोत साधन सम्पन्न गरिदै लगिनेछ । विद्यालयहरुलाई सूचना, सञ्चार र प्रविधि सँग जोडनका लागि विज्ञान प्रयोगशाला, पुस्तकालय र आइ.सि.टि. ल्याब सहित इन्टरनेट जडानका लागि कार्यन्वयन गरिनेछ ।
६४. आधारभुत र माध्यामिक विद्यालयहरुको भौतिक पूर्वाधार सुधार तर्फ ध्यान दिदै अस्थायी टीनका छानाहरु, टहरालाई बिस्तापित गरी आवश्यकताका आधारमा आधुनिक भवन निर्माण गर्ने नीतीलाई निरन्तरता दिइने छ ।
६५. यस शैक्षिक सत्र भित्र निश्चित मापदण्ड अनुसार समायोजन गर्न मिल्ने विद्यालयहरुलाई समायोजन गरिने छ र समायोजन हुने विद्यालयका लागि आवश्यक पूर्वाधार विकास र अन्य व्यवस्थापनमा सहयोग गरिने छ ।
६६. शिक्षाका सबै तहमा गुणस्तरीयता सुनिश्चित गर्न गाउँपालिकामा शिक्षा सुदृढीकरणका लागि कार्यविधि बमोजिम स्वयमसेवक शिक्षक परिचालनलाई निरन्तरता दिइनेछ ।
६७. गाउँपालिका भरिमा एउटा माध्यामिक विद्यालयलाई नमुना विद्यालय बनाउनका लागि आवश्यक तयारी गरिने छ ।
६८. विद्यालयलाई शान्ति क्षेत्रको रुपमा विकास गर्न विद्यालय भित्र कुनै पनि राजनीतिक दलका कार्यक्रमहरु संचालन गर्न नदिने व्यवस्था मिलाईने छ । साथै विद्यालय क्षेत्रको १०० मिटर दुरी भित्र सुर्ती तथा सुर्ती जन्य पदार्थ, मदिरा तथा मध्यपान जन्य पदार्थ र अन्य लागु औषध जन्य पदार्थ विक्रि वितरणमा कडाइका साथ प्रतिवन्ध लगाइनेछ ।

६९. सामुदायिक अध्ययन केन्द्रहरुको स्तर वृद्धि गरी युवा सूचना केन्द्र र पुस्तकालयको रुपमा विकास गर्दै लगिने छ ।

७०. निजी क्षेत्रको लगानीमा संचालन भएका विद्यालयहरुलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाईने छ ।

७१. गाउँपालिकाका सामुदायिक विद्यालयहरुको प्रधानाध्यापकका लागि शिक्षा ऐनमा भएको व्यवस्था अनुसार तहगत शैक्षिक योग्यतालाई अनिवार्य लागू गरिने छ ।

७२. **'एक माध्यमिक विद्यालय, एक सय विरुवा रोषण"** कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।

७३. विद्यालयलाई स्वच्छ खानेपानीको व्यवस्था गर्नुका साथै पूर्ण सरसफाई गर्ने नीति लिईनेछ ।

७४. विद्यालयमा दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७५. स्वयमसेवक शिक्षकहरु लाई पोशाक भत्ता उपलब्ध गराईनेछ ।

७६. यस गाउँपालिकाका साविकका उच्च माध्यमिक विद्यालयहरुमा स्वास्थ्यकर्मीको व्यवस्थापन गरिने छ ।

७७. राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगितालाई निरन्तरता दिईनेछ ।

७८. कोरोना महामारी र प्राकृतिक प्रकोपबाट प्रभावित परिवारका लागि उचित राहतको व्यवस्थापन गरिने छ । यसबाट प्रभावित भै घरवार विहिन भएका व्यक्ति परिवारहरुलाई राहतको व्यवस्था गरिने छ ।

७९. प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेका वस्ती, टोलहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिने छ ।

८०. प्राकृतिक प्रकोपबाट क्षति भएका सार्वजनिक भौतिक संरचनाहरुको पुनः निमार्ण गरिने छ । प्राकृतिक प्रकोपबाट प्रभाावितहरुले यस गाउँपालिकाबाट लिने सेवामा लाग्ने शुल्कमा छुट दिइने छ ।

८१. गत वर्ष देखि देश कोरोना महामारीको प्रभावबाट अत्यन्त प्रभावित भै रहेको हुँदा यस गाउँपालिकाका **१८ वर्ष माथिका सम्पूर्ण नागरिकलाई कोरोना विरुद्धको खोप लगाउनका** लागि आवश्यक पहल गरिने छ ।

८२. स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा विस्तार, आधारभुत स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य शिविर, सुत्केरीलाई पोषणयुक्त आहार व्यवस्थापन गरिने छ ।

८३. गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकी सामुदायिक स्वास्थ्य ईकाइहरुमा राज्यद्वारा घोषित निःशुल्क औषधी खरीद एवं वितरण बिगत झैं समयमानै खरीद एवं वितरण गरी औषधी अभाव हुन नदिने नीति अवलम्बन गरिनेछ ।

८४. गाउँपालिकाका स्वास्थ्य चौकीहरुमा आवश्यक अक्सीजन शिलिन्डर र अक्सीजन कन्सनट्रेटरहरु खरिद गरिने छ ।

८५. जनस्वास्थ्यलाई अत्यावश्यक, आधारभुत तथा मौलिक अधिकारका रुपमा स्थापित गर्दै स्वास्थ्य संस्थाको स्तरोन्नती एवं स्वास्थ्य सेवाप्रवाहलाई गुणस्तरीय बनाईने छ ।

८६. स्वास्थ्य चौकीलाई व्यवस्थित गर्दै आवश्यक उपकरणहरुको व्यवस्था गरिने छ ।

८७. स्वच्छ खानेपानी तथा सरसफाई सम्बन्धी तयार भएको गुरुयोजनाका आधारमा गाउँपालिका भरी स्वच्छ, शुद्ध र पर्याप्त खानेपानीको व्यवस्था गरिने छ ।

८८. खानेपानी योजनाहरुको प्रभावकारी संचालनका लागि आवश्यक प्राविधिक जनशक्तिको व्यवस्था गरिनेछ । नयाँ बजार र नयाँ बस्ती बिकासका लागि एकिकृत बस्ती बिकास योजनालाई समन्वयतात्मक रुपमा संचालन गर्न पहल गरिनेछ ।

८९. खानेपानी तथा सिँचाईका मुहानहरुका साथै सिम क्षेत्रको संरक्षण गर्नका लागि विशेष कार्यक्रम लागु गरिनेछ ।

९०. गाउँपालिका र ग्रामीण जलस्रोत परियोजनाको साझेदारीमा परियोजना संचालन भएका वडाहरुमा स्वच्छ खानेपानी, सिँचाई र आयआर्जनका कार्यक्रमहरु लागु गरीनेछन् ।

९१. धार्मिक महत्वका रुपमा रहेको देउरा क्षेत्रलाई धार्मिक पर्यटनसंग जोड्नका लागि पादुका र पिलुचौरसंग जोड्ने त्रिकोणात्मक पुल, पादुका धार्मिक स्थल देखि कार्तिकस्वामी देव स्थल जोड्नका लागि र पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने उदेश्यले जिपलाइन र केबलकारको सम्भाव्यता अध्ययन गरिनेछ । र वडा नं ४ को वाईमा बन्जी जम्पको सम्भाव्यता अध्ययन गरिने छ ।

९२. गाउँपालिका भित्र रहेका परम्परागत मठ मन्दिरहरुको निर्माण तथा जीर्णद्वारका साथै सरसफाई स्वच्छता कायम गर्न आवश्यक कार्य अगाडी बढाइनेछ ।

९३. पर्यटकको मनोरन्जनको लागि कर्णाली नदीमा जलयात्रा सेवा (र्‍याफ्टिङ) लाई निरन्तरता दिईनेछ ।

९४. स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्र भित्र मनाईने कला, लोक संस्कृति र स्थानीय चाडपर्वलाई समयानुकूल व्यवस्थित रुपमा मनाउन, विकास र संरक्षण गर्नका लागि लोक साँस्कृतिक क्षेत्रमा क्रियाशील संघ संस्थाहरुलाई परिचालन गरिने नीति लिइनेछ र परम्परागत लोक संस्कृती भुव, भैलो, चाली, मागल, चाँड्ची, देउडालाई लिपीबद्ध गरी अडियो र भिडियो डकुमेन्ट्री तयार गरिनेछ ।

९५. एग्रो टुरिजमलाई प्रवर्द्धन गर्न आवश्यक नीति लिईनेछ ।

९६. हाल सम्म गाउँपालिकाबाट सम्पादन भएका कामहरुको अभिलेखिकरण लागि भिडियो डकुमेन्टी निमार्ण गरिने छ ।

९७. वन जंगलको संरक्षण, विस्तार गर्दै वनलाई थप व्यवस्थापन गरिने छ । वन तथा वनबाट प्राप्त हुने वन पैदावर, जडिबुटी, काष्ठ तथा गैर काष्ठ र कु काठ आदिको उपयोग गर्ने नीती लिई आर्थिक लाभ प्राप्त गर्ने र वन क्षेत्रमा वृक्षारोपणलाई प्राथमिकतामा राखिने छ ।

९८. काठ जन्य सामाग्रीमा आत्मनिर्भर बन्नका लागि युवाहरुलाई तालिम दिनुका साथै स्थानीय व्यावसायीहरुलाई प्रोत्साहनका लागी निरन्तरता दिइने छ ।

९९. गाउँपालिका भरी आवश्यक फर्निचरहरुको बाहिरबाट हुने आयात बन्द गरी गाउँपालिका भित्रै उत्पादन भएका काठका फर्निचर प्रयोग अनिवार्य गरिनेछ र फर्निचर उद्योग संचालन गर्ने व्यवसायीलाई आवश्यक सामाग्रीको सहयोग गरिनेछ ।

१००. गाउँपालिकामा विपद व्यवस्थापन कोषको स्थापना गरिनेछ साथै सम्पुर्ण विपद तथा जोखिम न्यूनीकरण कार्य योजना बनाई लागु गरिनेछ ।

१०१. कुनै पनि जडिबुटी संकलन गर्दा बिउ नष्ट हुने गरि संकलन गर्न पाइनेछैन साथै जडिबुटीको खेती गर्ने कृषकका लागि प्रोत्साहन गरिने छ ।

१०२. साना भैपरी आउने पूर्वाधार निर्माण गर्नका लागि पूँजीगत बजेटबाट केही बजेट मर्मत सम्भार कोषमा बिनियोजिन गरिनेछ ।

१०३. दुई लाखको लागतमा सम्पन्न हुने योजना तथा कार्यक्रममा अध्यक्षको सोझै तोकबाट योजना छनोट गरी रकम विनियोजन गरिने कार्यलाई निरन्तरता दिइने छ ।

१०४. हाल संचालनमा रहेका झोलुङ्गेपुलहरुको संरक्षण, मर्मत संम्भार गरी आवश्वकता अनुसार नयाँ झोलुङ्गेपुलहरु निर्माण गर्न पहल गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०५. गाउँपालिकाका लागि आवश्वक पर्ने मेशिनरी औजार तथा सवारी साधन खरिद गरिनेछ ।

१०६. व्यवसायिक कृर्षिलाई प्रवर्द्धन गर्नका लागि आकाशे ट्याकी, हिउँपोखरी, पोखरी ,थोपा सिँचाईको व्यवस्थापन गरिनेछ । स्वामीकार्तिक खापर गाउँपालिकाको खेतीयोग्य जमिनमा सिँचाईको सुविधाका लागि सम्भाव्यता अध्ययन गर्ने र लाभका आधारमा सिँचाई कुलो निर्माण गरिनेछ ।

१०७. गाउँपालिका केन्द्र रहेको क्षेत्र तथा आसपासमा चालु आर्थिक बर्ष देखि सहरी तथा भवन निर्माण मापदण्ड २०७२ र राष्ट्रिय भवन संहिता तथा मापदण्ड लाई सरकारी तथा गैरसरकारी संस्थाका भवन निर्माण गर्दा पालना गर्न लगाईने र क्रमश सबै वडाहरुमा व्यक्तिगत घर निर्माणमा समेत लागु गर्ने नीति लिईनेछ ।

१०८. घर छाना निर्माणका लागी वडा तथा गाउँपालिका बाट अनुमति लिई सकेपछि मात्र सामुदायिक वनहरुले पुर्जी दिने व्यवस्था मिलाइनेछ ।

१०९. वाई कप्साडी लगाएत उपयुक्त स्थानमा एकिकृत वस्ती विकासका लागि सम्भाव्यता अध्ययन गर्ने नीति लिईनेछ ।

११०. गाउँपालिकामा आवश्यक पर्ने विद्युत आपुर्तीका लागि हाल राष्ट्रिय प्रसारण लाइन विस्तारको कार्य भै रहेकाले यस गाउँपालिकामा पनि राष्ट्रिय प्रसारण लाइन विस्तारका लागि आवश्यक पहल गरिने छ ।

१११. गाउँपालिकाबाट सञ्चालित विविध कार्यक्रम तथा सेवाप्रबाहको अधिकतम रुपमा सार्वजनिकीकरण गरी पारदर्शिता र जबाफ देहितामा अभिवृद्धि गर्न रेडियो, पत्रपत्रिका र अनलाइनको प्रयोग गरिनेछ ।

११२. सूचना माग्ने र पाउने आम नागरिकको संबैधानिक अधिकार भएकाले सोको प्रत्याभुति गर्न गाउँपालिकाले आफ्नो गतिबिधिहरुलाई बिभिन्न माध्यामबाट सहज र सर्बसुलभ रुपमा सूचना प्राप्त गर्न सक्ने गर्ने व्यवस्था मिलाईनेछ ।

११३. स्थानीय पत्रिका, एफ.एम रेडियो मार्फत गाँउपालिकाका गतिविधि तथा नीति नियमहरु आवश्वकता अनुसार प्रकाशन र प्रशारण गरिनेछ ।

११४. गाउँपालिकामा भए गरेका सम्पुर्ण गतिविधीलाई वेइबसाइट मार्फत सार्वजनिक गरिनेछ ।

११५. नागरिक र जनप्रतिनिधि बिच गाउँपालिकामा भए गरेका कामको समिक्षा गर्ने उदेश्यले जनतासंग अध्यक्ष कार्यक्रम गरिने छ ।

११६. गाउँपालिकामा निमार्ण हुने भौतिक पूर्वाधार लगाएत अन्य कार्यक्रमहरुको प्रभावकारी मूल्याँकन तथा अनुगमनका लागि अन्तर वडाका जनप्रतिनीधि तथा प्राविधिहरुलाई क्रसचेकिङको अनुगमन नीति लिने छ । अनुगमन प्रर्णालीलाई चुस्त, पारदर्शि र प्रभावकारी बनाउँनका लागि पत्रकार, नागरिक समाज सरोकारवाला मन्चका प्रतिनिधिहरुको समेत संलग्नता गरी चुस्त र प्रर्भावकारी अनुगमन गरिने छ ।

११७. नीजि, सहकारी तथा सार्वजनिक क्षेत्रको सहकार्यमा आय आर्जनका कार्यक्रम अगाडी बढाईने नीतिलाई निरन्तरता दिइने छ ।

११८. आन्तरीक आयलाई सबल बनाउन राजश्वमा सुधार गर्न करका दायरालाई फराकिलो बनाई करदाता मैत्री वातावरण तयार गरिनेछ ।

११९. आन्तरिक आय वृद्धि गर्नका लागि राजश्वको स्रोतहरु पहिचान गरिनेछ ।

१२०. टेलिफोन टावर, केवनलाईन, होडिङबोर्ड, संचार माध्यममा प्रशारण हुने विज्ञापनमा कर लगाईने छ ।

१२१. एकिकृत सम्पती करलाई बिस्तार गरी पूर्ण रुपमा लागु गरिनेछ ।

१२२. गाउँपालिकाले विभिन्न क्षेत्र बाट प्राप्त गर्ने कर, शुल्क, तथा अन्य दस्तुरहरुलाई प्रभावकारी रुपले संकलन गर्नका लागि सम्बन्धित सरोकारवाला निकायहरु संग सहकार्य गरिनेछ ।

१२३. नेपाल सरकारको आगामी तीन वर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलब्ध गराउने तथा दिगो विकास लक्ष नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलब्ध गराउने लक्ष पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, बिद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवा प्रदान गर्न

गाउँपालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो मातहत वास युनिट मार्फत नयाँ योजना निर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

१२४. गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समीक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिकास्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

१२५. महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षा गर्न गाउँपालिका उपाध्यक्षहरुको सम्मेलनले पारित गरेको मर्यादित महिनावारी स्वच्छता व्यवस्थापनको धनगढी घोषणा पत्र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१२६. नेपाल सरकारको पूर्ण सरसफाइ निर्देशिका २०७५ एवम् गाउँपालिकाको वि.सं २०८३ भित्र गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त एवम् छाउगोठ मुक्त गाउँपालिका घोषणा गर्ने लक्ष्य बमोजिम गाउँपालिका भित्रका समुदायलाई पूर्ण सरसफाइ उन्मुख तथा विद्यालयहरुलाई तीन तारा पद्धतिमा विकास गर्न एवम् कोभिड १९ जस्ता महामारी र पानी जन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ । विभिन्न पानीजन्य रोगहरुबाट उत्पन्न हुन सक्ने महामारीहरुबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमा पानीको गुणस्तर परिक्षणको व्यवस्था मिलाइनेछ ।

१२७. समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागि गाउँपालिका भित्रका हरेक घरधुरीमा घरबारी स्थापना गर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने र व्यवसायिक रुपमा समूह मार्फत बार्षिक रु.१०००००। भन्दा माथि कारोबार गर्ने कृषक समूहहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१२८. स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिई जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण, बजारीकरणका साथै कृषि सामाग्रीको सहज आपूर्तिको लागि आवश्यकता अनुसार संकलन केन्द्र, कोल्ड स्टोर, एग्रोभेट स्थापना गर्ने कार्य यसै बर्षबाट शुरुवात गरिनेछ । सो प्रयोजनको लागि नीजि क्षेत्र तथा सहकारीहरुलाई प्राथमीकताका साथ परिचालन गर्ने नीति लिइनेछ ।

१२९. खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१३०. गांउपालिकाको समग्र खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको अवस्था सुनिश्चितता, विस्लेषण तथा योजना निर्माणका लागि NWASH योजना निर्माण र सो क्षेत्रको आगामि ५ बर्षे रणनितिक योजना निर्माण गरिने छ ।

१३१. गाउंपालिकामा खानेपानीको गुणस्तर मापनका लागि गाउँपालिकामा पानीको गुणस्तर मापन ल्याव ( Water Quality Test Lab) स्थापना गरिनेछ ।

१३२. गाउँपालिकाले तयार पारेको जलउपयोग गुरुयोजनालाई समिक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोत सम्बन्धी योजनाहरुको संचालन तथा व्यवस्थापनकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवं अद्यावधिक र नविकरण गर्ने व्यवस्था मिलाई गाउँपालिका स्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

१३३. गाउँपालिकामा खानेपानीको पहुच ९० प्रतिशत माथि रहेपनि निर्माण भएका योजनाहरुलाई पुन सुधार तथा मर्मत सम्भारको कामलाई निरन्तरता दिइनेछ ।

१३४. निर्माण सम्पन्न भैसकेर समुदायमा हस्तान्तरण भएका खानेपानी आयोजनाहरुको निरन्तर रेखदेख तथा मर्मत सुधार गर्ने र सरसफाइ स्वच्छता भएको समाज निर्माण गर्न खानेपानी, सरसफाइ, स्वच्छता व्यवस्थापन निर्देशिका २०७७ अर्न्तगत गठित खानेपानी सरसफाइ स्वच्छता व्यवस्थापन बोर्डमा रहेको गाउँपालिका सहयोग इकाईलाई वास युनिटमा परिणत गरि सो युनिट मार्फत नयाँ योजना निर्माण तथा विद्ययमान योजनाहरुको मर्मत सम्भारको सेवाप्रबाह गर्ने व्यवस्था मिलाईनेछ ।

१३५. यस गाउँपालिकाको वाई, पादुका र सुईजिउला क्षेत्रमा सहरीकरणका लागि टाउन प्लानिङको सम्भावयता अध्ययन गरिनेछ ।

१३६. गाउँपालिका क्षेत्रमा रहेको सार्वजनिक तथा प्रतिबाँझो जग्गाको अभिलेख तयार गरि सो जग्गाको अधिकतम उपयोगको माध्यामबाट ग्रामिण रोजगारी सृजना गर्ने उदेश्यले व्यक्ति, समुह, संस्था, सहकारी र नीजि क्षेत्रलाई उत्पादन तथा व्यवसायिक कार्यका लागि लिजमा दिने नीति लिइनेछ ।

१३७. प्राकृतिक प्रकोप न्यूनिकरण तथा आर्थिक उन्नतिको उदेश्य लिई यस गाउँपालिकामा काम गर्न इच्छुक विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरु सँग साझेदारी गर्ने नीति लिइएको छ ।

१३८. आ.व.मा २०७८।०७९ मा हुने विषम परिस्थिति सृजना भएमा अन्य जुनसुकै शिर्षकबाट रकम रकमान्तर गरी समस्या समाधानको नीति लिएको छु ।

१३९. नुन र खाद्यको डिपो स्थापनाका लागि सम्बन्धित निकायमा पहल गर्ने नीति लिइनेछ ।

१४०. संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले विनियोजन गरेका योजनाहरुलाई समय भित्र सिफारिस लगाएत अन्य गर्नु पर्ने कार्य वडा कार्यालयले नगरेमा गाउँपालिकाले आफै अनुगमन, सिफारिस लगाएतका अन्य कार्य गर्ने नीति लिइनेछ ।

१४१. विपद् जोखिम लगाएतका अन्य सामाजिक कार्यमा सहयोग गर्नका लागि गाउँ प्रहरी स्थापना गर्न आवश्यक नीति लिईनेछ ।

**अध्यक्ष ज्यू**

कोरोना महामारीको प्राकृतिक प्रकोपका कारण वर्तमान अवस्थामा सिमिति स्रोत साधनका कारण यस गाउँपालिकामा हुनु पर्ने विकास निमार्णका कार्यहरुलाई पुरा गर्न नसकेकोमा सम्पूर्ण स्वामीकार्तिक वासीमा क्षमा याचना गर्दछु । कोरोना महामारीले हामीलाई चुनौती मात्र होइन अवसर पनि दिने छ । यहि अवसरको उपयोग गरी आर्थिक वृद्धि तर्फ हामी अग्रसर हुनेछौं । गाउँपालिकाले लिएका नीती र कार्यक्रमलाई सफल पार्न आवश्यक सहयोग गरिदिनुहुनेछ भन्ने विश्वास लिएको छु । हामीले अहिले जुन प्रकारको परिस्थितिको सामना गरी रहेका छौं त्यसले हामी सवैलाई प्रभावित बनाएकोले त्यस संघ जुध्नका लागि हामी सवैको हातेमालो आवश्यक छ ।

**अन्तमा**

गाउँपालिकाको नीति तथा कार्यक्रम बनाउन सहयोग गर्नु हुने सम्पुर्ण विषय बिज्ञ, जनप्रतिनिधि, राजनितिक दल र कर्मचारी लगाएत सम्पुर्ण महानुभावहरुमा हार्दिक धन्यवाद दिन चाहान्छु ।

धन्यवाद ।